# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, नेपालगञ्ज
### नगरप्रहरी भर्ना सम्वन्धी सूचना ।

**(दोस्रो पटक प्रकाशित मिति : २०७५/१२/२० गते)**

यस नेपालगञ्ज उपमहानगरपालिकाको मिति २०७५/१२/१० गते नगरसभाबाट भएको निर्णय वमोजिम मिति २०७५/११/०६ गते प्रथम पटक प्रकाशित सूचनाको विज्ञापन नम्वर ३-०७५/७६, **नगरप्रहरी जवान** पदमा देहाय बमोजिम पदसंख्या थप गर्ने निर्णय बमोजिम खुला प्रतियोगिताद्धारा समावेशी प्रावधान अनुसार करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी(स्वयम् उपस्थित भई) दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**१. आवश्यक पद संख्या :**

| विज्ञापन नम्वर | किसिम | विज्ञापित पद संख्या | थपपद संख्या | जम्मा पदसंख्या |
|---|---|---|---|---|
| ३-०७५/७६ | खुल्ला | ४ | १ | ५ |
| | महिला | १ | १ | २ |
| | आदिवासी जनजाती | १ | - | १ |
| | मधेशी | १ | - | १ |
| | दलित | - | १ | १ |
| जम्मा | | ७ | ३ | १० |

**२. दरखास्त फाराम दर्ता मिति :-** २०७५/१२/२० गते देखि २०७५/१२/२६ गतेसम्म ।

**३. दरखास्त फाराम पाईने स्थान :-** नेपालगञ्ज उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज ।

**४. दरखास्त दस्तुर :-** दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.३५०। (तीनसय पचास) बुझाउनुपर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत( रु.६०) का दरले थप दस्तुर लाग्नेछ ।

**५. आवश्यक न्यूनतम योग्यताहरु :-**

| पद | न्यूनतम शैक्षिक योग्यता र उमेर | अन्य न्युनतम योग्यता |
|---|---|---|
| नगरप्रहरी जवान | ▪ उमेर: दरखास्त बुझाउने अन्तिम म्याद सम्म १८ वर्ष पूराभई २५ वर्ष ननाघेको ।<br>▪ शिक्षा: स्वीकृत माध्यमिक विध्यालयबाट कम्तीमा एसइइ वा सो सरह कक्षा | ▪ नेपाली नागरिक ।<br>▪ कुनै राजनीतिक दलको सदस्य नभएको ।<br>▪ कुनै विध्वंसात्मक संस्थाको सदस्य नरहेको ।<br>▪ स्वीकृति प्राप्त चिकित्सकवाट निरोगिकताको प्रमाणपत्र पाएको ।<br>▪ आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।<br>▪ छाती कम्तीमा नफुलाउँदा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।<br>▪ नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको । |

| | | |
|---|---|---|
| | उतिर्ण गरेको । | ▪ महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटिमा ५ फिट २ इन्च उचाई भएको ।<br>▪ पुरुषको हकमा कम्तीमा ५० के.जी. र महिलाको हकमा कम्तिमा ४५ के.जी तौल भएको । |

**६. दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रतिलिपी १ प्रति,
- हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साईजको फोटो ५ प्रति,
- आफुले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १/१ प्रति, नेपाल सरकार बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाणपत्र (Equivalent Certificate) को प्रतिलिपी,
- दलित को लागि सम्वन्धित निकायबाट बाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी ।
- दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपीको पछाडिपट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नुपर्नेछ ।

**७. परीक्षा विधि :**

प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण, लिखित परीक्षा र अन्तर्वार्ता

**८. परीक्षा हुने स्थान :** कार्यालयले तोके बमोजिमको स्थानमा ।

**९. सम्पर्क मिति तथा स्थान :-** मिति २०७५/१२/२९ गते,

नेपालगञ्ज उपमनपा, नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज ।

१०.यस कार्यालयको मिति २०७५/११/०६ मा प्रकाशित सूचना अनुसार दरखास्त स्वीकृत गराएका उम्मेदवारहरुले समावेशी दलिततर्फ समेत आवेदन दिन ईच्छुक भएमा दरखास्त थप गर्दा प्रवेशपत्र र समावेशी प्रमाणित कागजात समेत पेश गरी उपस्थित हुनुपर्नेछ ।

११. अन्य विषय, शर्तहरुका सम्वन्धमा अन्तिम निर्णय यस नगरकार्यपालिकाको हुनेछ ।

(हरि प्याकुरेल)
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत